लक्ष्मी जननी मिडिया हाउस प्रा.लि.द्वारा प्रकाशित

जि.प्र.का.द.नं. :-१३/०७६/०७७

जि.हु.द.नं. १/०८२/०८३

# म्याग्दी नेपाल

MYAGDI NEPAL WEEKLY

www.erupse.com साप्ताहिक

वर्ष ८, अंक ०२ २०८२ फागुन १ गते शुक्रबार (Friday 13 February 2025) नेपाल सम्बत् ११४५ पृष्ठ ४+२ मुल्य रु १०/-

होटल जोमसोम प्राइड

जोमसोम मुस्ताङ,०६९-५९००८३,९८२४७२३१३६



मुक्तिनाथ तथा दामोदरकुण्ड तिर्थयात्राका क्रममा आरामदायी तथा पारीवारीक वातावरणमा खाना तथा बसाइका लागि सम्झनै पर्ने नाम ।

# स्वास्थ्य बिमाले पैसा नदिदा अस्पताल चलाउन मुस्कील

अमृत बास्कुने



२०८२ बैशाख देखि स्वास्थ्य बिमा मार्फत बेनी अस्पताललले पाउनु पर्ने रकम पूर्ण रूपमा भुक्तानी नआउँदा अस्पताल चलाउनै मुस्कील भएको छ । आफ्नो स्वास्थ्योपचारमा आर्थिक सहजताका लागि स्वास्थ्य बिमा गरेका नागरिकहरूको उपचार गरेको तथा औषधिको रकम प्रदेश अस्पताललले सबा तीन करोडभन्दा बढी पाउन सकेको छैन । आर्थिक वर्ष २०८१।०८२ को बैशाखदेखि यता झण्डै एक वर्षकै स्वास्थ्य बिमा तथा 'डायलायसिस'बापतको तीन करोड २६ लाख भन्दा बढी भुक्तानी नपाउँदा अस्पताल अब आफै बिरामी जस्तो अवस्थामा पुगेको बेनी अस्पतालका निमित्त प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा.हेमन्त बाँस्तोलाले जानकारी दिनुभयो ।

> *बेनी अस्पतालले गएको बैशाख देखि २०८२ पुस मसान्त सम्म डाइलासिस तर्फको बिमा ४५ लाख ७५ हजार र स्वास्थ्य बिमा तर्फ दुई कोड ८० लाख ९५ हजार चार सय ८५ गरी कुल तीन करोड २६ लाख ७० हजार चार सय ८५ रुपियाँ भुक्तानी पाउन बाँकी रहेको डा. बाँस्तोलाको भनाइ छ ।*

बेनी अस्पतालले गएको बैशाख देखि २०८२ पुस मसान्त सम्म डाइलासिस तर्फको बिमा ४५ लाख ७५ हजार र स्वास्थ्य बिमा तर्फ दुई कोड ८० लाख ९५ हजार चार सय ८५ गरी कुल तीन करोड २६ लाख ७० हजार चार सय ८५ रूपियाँ भुक्तानी पाउन बाँकी रहेको डा. बाँस्तोलाको भनाइ छ ।

बेनी अस्पतालले स्वास्थ्य बिमा गरेका बिरामीहरुको स्वास्थ्योपचार गरेबापत स्वास्थ्य बिमा बोर्डले समयमा रकम भुक्तानी नदिँदा अस्पतालले भुक्तानी पाउनु पर्ने रकम बढ्दै गएको हो । बेनी अस्पतालले पाउनु पर्ने स्वास्थ्य बिमाको रकम भुक्तानी नपाँउदा

बाँकी पाँचौं पृष्ठमा

प्रो.पुर्ण गौचन ९८५७६३०२७८

होटल हिलभ्यू, थकाली भान्साघर

पिपलचोक, बेनी, म्याग्दी

फोन :- ०६९-५२११५८/५२०३५९

पारिवारीक वातावरणमा आरामदायी वास तथा, कन्टीनेन्टल, नेपाली तथा स्वादीलो थकाली खनाकालागि सदैव हामीलाई सम्झनुहोस ।

नेशनल ड्रग सेन्टर

पाण्डे हेल्थ क्लिनिक एण्ड ल्याव सेवा

अस्पताल चोक, बेनीमा

प्रत्येक महिनाको पहिलो शनिबार

डा. जेम महर्जन

छाला यौन तथा कुष्टरोग विशेषज्ञ



दाज, सेतो दुबी, अनुहारको चाँया, पोतो, छालाको एलर्जी, घाउ खटिरा, कपाल झर्ने, खोइरो लागेको यौन अङ्गमा घाउ खटिरा आउने जस्ता सम्पुर्ण छाला रोगका बिरामीले समयमै सम्पर्क राख्नु होला ।

डा. आकासमणी भण्डारी

नाक कान घाँटी रोग विशेषज्ञ



बारम्बार रुघा खोकी लाग्ने, घाँटी खसखस गर्ने, टन्सिल भएका तथा पिनास भएका, नाकमा मासु पलाएका, कान पाक्ने, कान नसुन्ने, कान कराउने, टाउको दुख्ने घुमाउने जस्ता समस्या भएका बिरामीले समयमै सम्पर्क राख्नु होला ।

साथै सोही दिन कानको सुनाइ नाप्ने र नाक, कान घाँटीमा हेर्ने इन्डस्कोपी मेसिनका साथमा आउँदै हुनुहुन्छ ।

२०८२ फागुन २ शनिबार

९८५७६२४३५३ शम्भुराज पाण्डे

९८६७६२९४२४ अमरप्रसाद पाण्डे

०६९-५२०१९२, ५२०६८८

- दैनिक रुपमा डाक्टरहरुद्वारा बिरामी परीक्षण तथा भिडियो एक्स-रे सेवा
- डिजिटल एक्स-रे, इसिजी, गुणस्तरीय ल्याब (प्रयोगशाला) सेवा
- गुणस्तरीय फार्मेसी सेवा

अग्रीम बुकिङको पनि व्यवस्था छ ।

सम्पादकीय

## खेलमा लगानी गरौं

विश्व खेलकुदको बदलिँदो स्वरूपले एउटा कुरा स्पष्ट बनाएको छ । खेल अब केवल मनोरञ्जन वा प्रतिस्पर्धा मात्र होइन, यो शक्तिशाली आर्थिक उद्योग, पर्यटन प्रवर्द्धनको माध्यम र राष्ट्रिय विकासको रणनीतिक साधन हो। विशेषगरी क्रिकेटजस्तो लोकप्रिय खेलको विश्वस्तरीय प्रतियोगिता, जस्तै टि–२० विश्वकप, खेल मैदानभन्दा धेरै टाढासम्म प्रभाव पार्ने घटना हो। भारत र श्रीलंकाले अहिले प्रतियोगिता आयोजना गरेर आर्थिक वृद्धि, पूर्वाधार विस्तार र अन्तर्राष्ट्रिय ब्रान्ड निर्माणमा उल्लेखनीय उपलब्धि हासिल गरेका छन्। यी अनुभवले नेपालजस्ता उदीयमान राष्ट्रका लागि महत्वपूर्ण पाठ प्रस्तुत गर्छ । खेललाई प्राथमिकतामा राख्ने हो भने यसले राष्ट्रको आर्थिक र सामाजिक रूपान्तरणमा ठोस योगदान दिन सक्छ।

टि–२० विश्वकप जस्ता प्रतियोगिता आयोजना गर्दा देशमा प्रत्यक्ष र अप्रत्यक्ष दुवै किसिमका आर्थिक गतिविधि तीव्र रूपमा बढ्छन्। टिकट बिक्री, प्रसारण अधिकार, विज्ञापन र प्रायोजनबाट हुने प्रत्यक्ष आम्दानी त हुन्छ नै, त्यससँगै होटल, यातायात, खानपान, मनोरञ्जन र सेवा क्षेत्रमा व्यापक आर्थिक चलायमानता सिर्जना हुन्छ। भारतले क्रिकेटलाई व्यावसायिक रूपमा व्यवस्थापन गरेर विश्व क्रिकेट अर्थतन्त्रको केन्द्र बन्न सफल भएको छ। प्रसारण अधिकारको मूल्य अर्बौं डलर पुग्नु यसको स्पष्ट प्रमाण हो। श्रीलंकाले पनि आफ्नो आकारभन्दा धेरै ठूलो प्रभाव सिर्जना गरेको छ। अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गरेर उसले पर्यटन र विदेशी मुद्रा आर्जनमा उल्लेखनीय वृद्धि गरेको छ। यसले प्रमाणित गर्छ खेल आयोजना खर्चिलो परियोजना मात्र होइन, दीर्घकालीन आर्थिक प्रतिफल दिने रणनीतिक लगानी हो।

नेपालका लागि यो अवसर अझ ठूलो छ। विश्वका अग्ला हिमाल, साहसिक पर्यटन, सांस्कृतिक विविधता र धार्मिक सम्पदाले नेपाल पहिले नै विश्वपरिचित गन्तव्य हो। यदि खेल पर्यटनलाई योजनाबद्ध रूपमा विकास गर्न सकियो भने नेपालले खेल र पर्यटनलाई एकीकृत आर्थिक रणनीतिमा रूपान्तरण गर्न सक्छ। अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिता, फुटबल प्रतियोगिता, म्याराथन, पर्वतीय खेल वा साहसिक खेल महोत्सव– यी सबै नेपालका लागि सम्भावित आर्थिक अवसर हुन्। भारत र श्रीलंकाले खेल आयोजना गर्न आधुनिक स्टेडियम, यातायात र सञ्चार प्रणालीमा ठूलो लगानी गरेका छन्। ती संरचनाले खेलपछि पनि देशको विकासमा योगदान दिइरहेका छन्। नेपालमा भने खेल पूर्वाधार अझै अपर्याप्त छ। अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्ने रंगशाला सीमित छन्, प्रशिक्षण सुविधा न्यून छ, र दीर्घकालीन पूर्वाधार योजना स्पष्ट छैन। खेल क्षेत्रम लगानी गरेको खण्डमा अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना सम्भव हुन्छ । पर्यटन विस्तार हुन्छ, रोजगारी सिर्जना हुन्छ, शहरी विकास गति लिन्छ, खेल उद्योगको व्यावसायिकरण हुन्छ । त्यसैले खेल पूर्वाधार निर्माणलाई खर्च होइन, विकासको आधारभूत लगानीका रूपमा बुझ्न आवश्यक छ। नेपालजस्तो उदीयमान क्रिकेट राष्ट्रका लागि यो महत्वपूर्ण अवसर हो। विगत केही वर्षमा नेपाली क्रिकेटले अन्तर्राष्ट्रिय स्तरमा उल्लेखनीय प्रगति गरेको छ। यदि संस्थागत सुधार, पारदर्शी व्यवस्थापन र दीर्घकालीन योजना अपनाइयो भने आईसीसीको सहयोगलाई प्रभावकारी रूपमा उपयोग गरेर नेपालले क्रिकेट विकासमा ठूलो फड्को मार्न सक्छ।

# २१ फागुनको निर्वाचन र नेपालको बजार

नेपालको राजनीतिक क्यालेन्डरमा निर्वाचन एउटा नियमित लोकतान्त्रिक अभ्यास हो । तर आर्थिक दृष्टिले यो सधैं असाधारण घटना बन्ने गरेको छ । किनकि निर्वाचनले केवल सत्ता परिवर्तनको सम्भावना मात्र बोकेको हुँदैन । यसले लगानीको मनोविज्ञान, आर्थिक नीतिको दिशा, निजी क्षेत्रको आत्मविश्वास र अन्ततः पुँजी बजारको गतिलाई समेत प्रभावित गर्छ।



आगामी २१ फागुनमा हुने निर्वाचन नजिकिँदै गर्दा नेपाल स्टक एक्सचेञ्ज (NEPSE) का सूचकहरु, कारोबारको मात्रा र लगानीकर्ताको व्यवहारमा देखिएको परिवर्तनले स्पष्ट संकेत दिइरहेको छ । बजार अहिले सक्रिय भन्दा बढी प्रतीक्षारत अवस्थामा छ। यहाँ हामी निर्वाचन र लगानी वातावरणबीचको सम्बन्धलाई ऐतिहासिक डेटा, वर्तमान बजार संरचना, क्षेत्रगत वित्तीय अवस्था र सम्भावित भविष्यका परिदृश्यको आधारमा विश्लेषण गर्ने प्रयासमा हुनेछौं ।

### शुरुमा हामी यहा बजारको आकार र संरचना : विस्तार भयो, तर संवेदनशीलता उस्तै

पछिल्लो दशकमा नेपालको पुँजी बजार उल्लेख्य रुपमा विस्तार भएको छ। सूचीकृत कम्पनी संख्या ३३० भन्दा बढी पुगेको छ भने बजार पूँजीकरण करिब ४४ खर्ब रूपैयाँको दायरामा पुगेको देखिन्छ । बुधबारको बजार बन्द भए पछि हेर्दाको यो अवस्थाले पनि नेपाली बजारको अवस्थालाई केही हद सम्म मुल्याङ्कन गरेको मान्न सकिन्छ । दैनिक कारोबार रकम चक्र अनुसार फरक भए पनि औसतमा नेपाली बजारमा ३ देखि ८ अर्ब रूपैयाँ बीचमा घुम्ने गरेको देखिन्छ।

नेपाली बजारको अवस्था हेर्दा सबैभन्दा ठूलो हिस्सा बैंकिङ क्षेत्रको छ ।

> *पछिल्लो बजारको अवस्था हेर्दा निर्वाचनका लागि तोकिएको उम्मेदवारी दर्ताको समय वरपर बजार आकासिन खोजेकव थियो । बजारको हालको चाल बुझ्न ऐतिहासिक व्यवहार हेर्नु आवश्यक हुन्छ। नेपालमा भएका प्रमुख निर्वाचनहरूको सन्दर्भमा नेप्से सूचकाङ्कको प्रवृत्ति हेर्दा स्पष्ट ढाँचा देखिन्छ।*

त्यसपछि बीमा, जलविद्युत र माइक्रोफाइनान्स क्षेत्र प्रमुख मानिन्छन्। तर संरचनागत विस्तार भए पनि बजारको एउटा पुरानो विशेषता अझै यथावत् छ राजनीतिक घटनाप्रति अत्यधिक संवेदनशीलता।

### निर्वाचनअघि बजार किन सुस्त हुन्छ ?

पछिल्लो बजारको अवस्था हेर्दा निर्वाचनका लागि तोकिएको उम्मेदवारी दर्ताको समय वरपर बजार आकासिन खोजेक• थियो । बजारको हालको चाल बुझ्न ऐतिहासिक व्यवहार हेर्नु आवश्यक हुन्छ। नेपालमा भएका प्रमुख निर्वाचनहरुको सन्दर्भमा नेप्से सूचकाङ्कको प्रवृत्ति हेर्दा स्पष्ट ढाँचा देखिन्छ।

२०७० को संविधानसभा निर्वाचनअघि बजार स्थिर थियो, तर परिणामपछि राजनीतिक स्पष्टता आउँदा सूचकाङ्क उल्लेख्य बढ्यो। २०७४ को संघीय निर्वाचनअघि गिरावट देखियो, तर स्थिर सरकारको अपेक्षाले निर्वाचनपछि बजार तीव्र उकालो लाग्यो। २०७९ को निर्वाचनमा गठबन्धन अनिश्चितता रहेकाले परिणामपछि बजार लामो समयसम्म मिश्रित र अस्थिर रह्यो।

यस ऐतिहासिक प्रवृत्तिले एउटा सामान्य नियम देखाउँछ

निर्वाचनअघि बजार सुस्त, परिणामपछि बजार प्रतिक्रियात्मक।

हाल पनि यही मनोविज्ञान दोहोरिएको देखिन्छ। विगतका निर्वाचन अवधिहरुको तुलनात्मक अध्ययनले देखाउँछ कि निर्वाचनभन्दा २-३ महिना अघि दैनिक कारोबार औसत २० देखि ४० प्रतिशतसम्म घट्ने गरेको छ। संस्थागत लगानीकर्ताले नयाँ लगानी रोकेर 'पर्ख र हेर' रणनीति अपनाउँछन् भने खुद्रा लगानीकर्ताले जोखिम घटाउन नगद धारण बढाउँछन्।

### सूचीकृत कम्पनीहरूको वास्तविक अवस्था : स्थायित्व खोज्दै

राजनीतिक चर्चा बजारमा बढी सुनिए पनि वास्तविक प्रभाव अन्ततः कम्पनीहरुको वित्तीय अवस्थामा देखिन्छ। क्षेत्रगत वित्तीय तथ्याङ्कले अहिलेको समष्टिगत अवस्था मध्यम तर संवेदनशील रहेको देखाउँछ। बाहिर जे जति हल्ला गरे पनि कतिपय मानसिकतामा बजार दौडीने गरेको भएपनि यथार्थमा भने त्यसको बित्तिय अवस्था नै हेर्ने गरिन्छ ।

### बैंकिङ क्षेत्र

नेपालको पुंजी बजारको मेरूदण्ड मानिने बैंकिङ क्षेत्रमा औसत इक्विटी प्रतिफल (ROE) करिब १२-१६ प्रतिशत

बाँकी पाँचौं पृष्ठमा

# पहिला गाउकै नाम वाखेत अब उवा अस्तीत्व जोगाउनै मुस्कील

कुनै समय उवा खेतीले नै पहिचान बनाएको बेनी नगरपालिका-१० को वाखेत नाम सुन्नासाथ उवा खेतीले भरिएका खेतबारीहरुको दृश्य आँखा अगाडि आउँथ्यो । यही उवा खेतीका कारण नै यो भूभाग 'वाखेत' भनेर चिनिन पुग्यो । तर समयसँगै त्यो पहिचान क्रमशः हराउँदै गएको भान हुन थालेको छ । उवा खेतीले पहिचान बनाएर आफ्नो क्षेत्रको नामै त्यही उवाबाटै वाखेत राखेको ठाउँमा अहिले उवा खेती नै हुन छाडेको छ ।

स्थानीय ६० वर्षिय कृषक मोतिलाल रोकाका अनुसार अहिले उवा खेती त परको कुरा, खेतीपाती नै पनि कम हुँदै गएको छ ।

बिगतलाई सम्झने हो भने पहिला खेतबारीमा मानिसको चहलपहल हुन्थ्यो तर अहिले अहिले युवा छैनन्, गाउँ सुनसान छ ।

रोजगारीको खोजीमा युवाहरु विदेश पलायन हुनु र कतिपय परिवार स्थायी रुपमा गाउँ छाडेर बसाइँ सर्नु वाखेतको कृषि संस्कृतिमाथि पनि ठूलो चोट बनेको छ । नाम वाखेत भए पनि उवा मात्रै नभएर खेती नै नहुने स्थीतीमा पुग्छ कि भन्ने सम्मको त्रास पनि बढ्दो छ ।

वडा अध्यक्ष मसबिर रोकाको भनाइले अवस्थाको गम्भीरतालाइ पनि प्रष्ट्याउँछ । अहिले त उवाको बिउ नै भेटिन मुस्किल होला जस्तो भइसकेको छ । उहाँ भन्नुहुन्छ एक समय गाउँको नामसँगै जोडिएको उवा खेती आज इतिहासको पानामा सीमित हुँदै गएको छ । उवा खेती मनग्य हुने भएकोले नै वाखेत नाम रहेको भए पनि अहिले उवाको खेती हुनै छाडेको छ । उवाको प्रयोग पहिला भन्दा कम र स्थानीय बासिन्दाहरूकै कारण हो । अहिलेको अवस्था हेर्दा स्थानीयले बसाइ सराइ गर्नु, खेती गर्ने मानिस नहुनु र प्रयोग पनि कम हुनाले पनि उवा खेती नै हुन छाडेको हो ।

वाखेतको उवा खेती केवल एक कृषि प्रणाली मात्र थिएन, त्यो यहाँको पहिचान, जीवनशैली र संस्कृतिको अभिन्न अंश थियो । तर आधुनिक समय, बसाइँसराइ र बदलिँदो जीवनशैलीसँगै त्यो पहिचान मेटिँदै गएको यथार्थले वाखेतको कथा मौन रुपमा बयान गरिरहेको छ ।

वाखेत एउटा उदाहरण मात्रै हो अहिले पछिल्लो समय म्याग्दीका ग्रामिण भेकका धेरै घरहरू खाली भएका छन् ।

बसाइ सराइले गर्दा गाउँ रित्तीन थालेसँगै स्थानीय रैथाने खेती पनि हराउँदै गएको अवस्था रहेको कृषि ज्ञान केन्द्र म्याग्दीले जनाएको छ ।

स्थानीय युवा व्यवसायी हरि गर्बुजा युवाहरूको बसाइ सराइ र स्थानीय स्तरमा काम गर्नै नचाहने मानसिकताले गर्दा उवा खेती हराउँदै गएको हो ।

युवाहरू गाउँमै छैनन, भएकाहरू पनि काम गर्न चाहदैनन् त्यसैले गर्दा खेती गर्दा अलिक बढी मेहनत पर्ने हुँदा पनि उवा खेती हराउँदै गएको हो ।

म्याग्दीमा उवाको खेती कम भए पनि मुस्ताङमा भने उवा खेती अहिले पनि मनग्य हुने गर्दछ । मुस्ताङमा हुने धार्मिक कार्यमा पनि उवाको प्रयोग हुने भएकोले पनि उवा मुस्ताङमा अझै पनि मनग्य उत्पान हुन्छ ।

> *वाखेत एउटा उदाहरण मात्रै हो अहिले पछिल्लो समय म्याग्दीका ग्रामिण भेकका धेरै घरहरु खाली भएका छन् । बसाइ सराइले गर्दा गाउँ रित्तीन थालेसँगै स्थानीय रैथाने खेती पनि हराउँदै गएको अवस्था रहेको कृषि ज्ञान केन्द्र म्याग्दीले जनाएको छ ।*


## विपद् व्यवस्थापनमा सहयोगी बनौं

- बिपदले आपतकालीन अवस्था सृजना गर्न सक्छ ।
- विपदमा धनजनको क्षतिका साथै जीवनयापनमा प्रतिकूल असर पर्न सक्छ ।
- विपदबाट प्रभावितको जीवनरक्षाका लागि सहयोग गरौं ।
- भौगोलिक र मौसमी अवस्थाको प्राप्त सूचनाबाट विपदको बारेमा सचेत रहौं ।
- भ्रमपूर्ण सूचनाबाट सजग रहौं ।
- विपद परेमा स्थानीय तह वा स्थानीय प्रशासनलाई जानकारी गराऔं ।
- विपद प्रभावितलाई सुरक्षित स्थानमा लैजाऔं ।
- विपदको अवस्थामा आवश्यक पर्ने दैनिक उपभोग्य वस्तुको सञ्चय गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक र विशेष अवस्थाका मानिसलाई विशेष हेरविचार र संरक्षण गरौं ।
- उद्दार, राहत र पुर्नस्थापनामा सहभागी बनौं ।

**धवलागिरी गाउँपालिकाको कार्यालय**
मुना, म्याग्दी



## विपद्को पूर्वतयारी गरौं

- संभावित जोखिमको मूल्याङ्कन गरौं,
- भूकम्प, बाढी आगलागी जस्ता सम्भावित विपद्को बारेमा सचेत बनौं ।
- सम्भावित जोखिमबाट बच्न आपतकालीन योजना बनाऔं ।
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं ।
- सम्पर्क बिन्दुहरू तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं ।
- खाना, पानी, प्राथमिक उपचार बक्स, टर्चलाइट, आवश्यक औषधि आदि तयार राखौं ।
- विपद् व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

"विपद्को सामना गर्न तयार होऔं, क्षति हुन नदिऔं"

**मालिका गाउँपालिकाको कार्यालय**
दरवाङ, म्याग्दी



## विपद् व्यवस्थापनमा सहयोगी बनौं

- बिपदले आपतकालीन अवस्था सृजना गर्न सक्छ ।
- विपदमा धनजनको क्षतिका साथै जीवनयापनमा प्रतिकूल असर पर्न सक्छ ।
- विपदबाट प्रभावितको जीवनरक्षाका लागि सहयोग गरौं ।
- भौगोलिक र मौसमी अवस्थाको प्राप्त सूचनाबाट विपदको बारेमा सचेत रहौं ।
- भ्रमपूर्ण सूचनाबाट सजग रहौं ।
- विपद परेमा स्थानीय तह वा स्थानीय प्रशासनलाई जानकारी गराऔं ।
- विपद प्रभावितलाई सुरक्षित स्थानमा लैजाऔं ।
- विपदको अवस्थामा आवश्यक पर्ने दैनिक उपभोग्य वस्तुको सञ्चय गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक र विशेष अवस्थाका मानिसलाई विशेष हेरविचार र संरक्षण गरौं ।
- उद्दार, राहत र पुर्नस्थापनामा सहभागी बनौं ।

**बेनी नगरपालिकाको कार्यालय**
बेनी, म्याग्दी



## विपद् व्यवस्थापनमा सहयोगी बनौं

- बिपदले आपतकालीन अवस्था सृजना गर्न सक्छ ।
- विपदमा धनजनको क्षतिका साथै जीवनयापनमा प्रतिकूल असर पर्न सक्छ ।
- विपदबाट प्रभावितको जीवनरक्षाका लागि सहयोग गरौं ।
- भौगोलिक र मौसमी अवस्थाको प्राप्त सूचनाबाट विपदको बारेमा सचेत रहौं ।
- भ्रमपूर्ण सूचनाबाट सजग रहौं ।
- विपद परेमा स्थानीय तह वा स्थानीय प्रशासनलाई जानकारी गराऔं ।
- विपद प्रभावितलाई सुरक्षित स्थानमा लैजाऔं ।
- विपदको अवस्थामा आवश्यक पर्ने दैनिक उपभोग्य वस्तुको सञ्चय गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक र विशेष अवस्थाका मानिसलाई विशेष हेरविचार र संरक्षण गरौं ।
- उद्दार, राहत र पुर्नस्थापनामा सहभागी बनौं ।

**मंगला गाउँपालिकाको कार्यालय**
बाबियाचौर, म्याग्दी



## विपद्को पूर्वतयारी गरौं

- संभावित जोखिमको मूल्याङ्कन गरौं,
- भूकम्प, बाढी आगलागी जस्ता सम्भावित विपद्को बारेमा सचेत बनौं ।
- सम्भावित जोखिमबाट बच्न आपतकालीन योजना बनाऔं ।
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं ।
- सम्पर्क बिन्दुहरू तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं ।
- खाना, पानी, प्राथमिक उपचार बक्स, टर्चलाइट, आवश्यक औषधि आदि तयार राखौं ।
- विपद् व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

"विपद्को सामना गर्न तयार होऔं, क्षति हुन नदिऔं"

**अन्नपूर्ण गाउँपालिकाको कार्यालय**
पोखरेबगर, म्याग्दी



## विपद् व्यवस्थापनमा सहयोगी बनौं

- बिपदले आपतकालीन अवस्था सृजना गर्न सक्छ ।
- विपदमा धनजनको क्षतिका साथै जीवनयापनमा प्रतिकूल असर पर्न सक्छ ।
- विपदबाट प्रभावितको जीवनरक्षाका लागि सहयोग गरौं ।
- भौगोलिक र मौसमी अवस्थाको प्राप्त सूचनाबाट विपदको बारेमा सचेत रहौं ।
- भ्रमपूर्ण सूचनाबाट सजग रहौं ।
- विपद परेमा स्थानीय तह वा स्थानीय प्रशासनलाई जानकारी गराऔं ।
- विपद प्रभावितलाई सुरक्षित स्थानमा लैजाऔं ।
- विपदको अवस्थामा आवश्यक पर्ने दैनिक उपभोग्य वस्तुको सञ्चय गरौं ।
- बालबालिका, ज्येष्ठ नागरिक र विशेष अवस्थाका मानिसलाई विशेष हेरविचार र संरक्षण गरौं ।
- उद्दार, राहत र पुर्नस्थापनामा सहभागी बनौं ।

**रघुगंगा गाउँपालिकाको कार्यालय**
मौवाफाँट, म्याग्दी

# पाखेघरको मुखको क्यान्सर बाट स्वास्थ्यकर्मीको मृत्यु




पाठेघरको मुखको क्यान्सर बिरूद्धको खोप अभियान शुरू हुनु भन्दा केही समय पहिला हिमाली जिल्ला म्याग्दीको अन्नपूर्ण गाउँपालिकामा कार्यरत एक जना स्वास्थ्यकर्मीको पाठेघरको मुखको क्यान्सरबाट मृत्यु भएको छ ।

पाठेघरको मुखको क्यान्सर विरूद्ध लगाइने एचपिभि भ्याक्सीन सम्बन्धी सरोकारवाला तथा सञ्चारकर्मीहरू सँगको अन्तरक्रिया कार्यक्रममा जनस्वास्थ्य कार्यालय म्याग्दीका प्रमुख भुवन ठकुराठीले स्वास्थ्यकर्मीको मृत्यु भएको जानकारी गराउनु भएको हो । उहाँले भन्नुभयो आफूलाई देखिएको लक्षणअनुसार चेकजाँचमा ध्यान नपुग्दा पाठेघरको मुखको क्यान्सरको समयमै पहिचान नहुँदा स्वास्थ्यकर्मीकै मृत्यु भएको छ । म्याग्दी जिल्लामा यस पटक एचपिभि खोप अभियानमा कक्षा ६ मा अध्ययनरत बालिकाहरूलाई एचपिभि खोप दिन लागिएको हो । गत वर्ष छुट भएका कक्षा ७ देखि १० सम्म पढ्ने बालिका र समुदायमा भएका ११ देखि १४ वर्षका बालिकालाई पनि यस पटक भ्याक्सीन दिन लागिएको हो ।

यस वर्ष बेनी नगरपालिकामा तीन सय ३४ जना, मंगला गाउँपालिकामा एक सय १०, मालिका गाउँपालिकामा एक सय ७८, धौलागिरी गाउँपालिकामा एक सय ४०, रघुगंगा गाउँपालिकामा ७८ जना र अन्नपुर्ण गाउँपालिकामा ६४ जना रहेका छन् । त्यसैगरी मंगला गाउँपालिकामा दुई जना, धौलागिरीमा एक जना र रघुगंगा गाउँपालिकामा ३ जना गरी विद्यालय नजाने बालिका गरी कुल नौ सय २३ जनालाई खोप लगाइँदै छ ।

उक्त अन्तरक्रियामा बोल्दै पत्रकार महासंघ म्याग्दीका संस्थापक अध्यक्ष घनश्याम खड्काले क्यान्सरले विरामीका साथ परिवारलाइ पनि आर्थिक, सामाजिक र मानसिक रूपमा समेत कमजोर बनाउने बताउनुभयो । उहाँले क्यान्सले गरिबी बढाउने भन्दै यसको रोकथामका लागि सचेतना बढी आवश्यक हुने धारणा राख्नु भएको थियो । क्यान्सरले परिवार मात्रै नभएर टोल समाज अनि मुलुकलाई नै गरिबी तर्फ धकेल्ने उहाँको धारणा थियो । महंगो उपचार गर्दागर्दै परिवारको आर्थिक अवस्था नै कमजोर हुने र त्यसको असर मुलुकमै पर्ने भएको हुँदा यस्ता रोग न्यूनिकरणका लागि अभियान आवश्यक पर्छ खड्काले भन्नुभयो ।

# साप्ताहिक राशीफल




## मिति :- २०८२ फागुन १ देखि ७ गते सम्म

**मेष** - Aries (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)
प्रियभेटले साताको प्रारम्भ रमाइलो रहनेछ। रमाइलो यात्रा र मनोरञ्जनको आनन्द प्राप्त हुनेछ। अतिथिका रुपमा सत्कार पाइनेछ। प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ। मंगलवारदेखि भने केही समस्यासँग जुध्नुपर्ला। धनमाल हराउने र काम बिग्रने डरले सताउन सक्छ। स्वास्थ्यका लागि खानपानमा सजग रहनुहोला। बिहीवारदेखि स्थितिमा केही सुधार आउनेछ। रोकिएको काम बन्नाले नयाँ काम सुरू हुनेछ। सप्ताहान्तमा केही उल्झन आउन सक्छन्। तापनि पेसा–व्यवसायमा सामान्य फाइदा उठाउन सकिनेछ।

**वृष** - Taurus (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)
पुरूषार्थी काम बन्नाले जोश–जाँगर बढ्नेछ। प्रतिस्पर्धीहरुलाई उछिन्दै विभिन्न अवसर हात पार्न सकिनेछ। स्रोतसाधन जुट्नाले जीवनशैलीमा परिवर्तन आउनेछ। रोकिएका काम बन्नाले आर्थिक पक्ष पनि सबल बन्नेछ। दिगो व्यवसायमा हातहाल्ने समय छ। प्रियजनसँग भेटघाट हुनेछ। व्यावसायिक यात्राको योग छ। मिहिनेतले नाम, दाम र इनाम कमाउन सकिनेछ। बिहीवारपछि काम, दाम र स्वास्थ्यमा केही बाधा हुने देखिन्छ। घरेलु समस्याले पनि पिरोल्न सक्छ। आम्दानीको स्रोत समेत कमजोर हुने समय छ, सजग रहनुहोला।

**मिथुन** - Gemini (का, कि, कु, घ, ङ, छ, के, को, ह)
प्रारम्भमा केही व्यवधान देखिए पनि बुद्धिले समस्या सुल्झाउन सकिनेछ। अध्ययनमा त्यति समय दिन नसकिए पनि रोकिएका काम बन्नाले नयाँ योजनातर्फ अग्रसर भइनेछ। खर्च लागे पनि भौतिक साधन जुट्नाले दिगो काम सुरू गर्न सकिनेछ। अधिकार र प्रतिष्ठा जोगाउन सफल भइनेछ। मेहनतले प्रतिस्पर्धाको दौड जिताउन सक्छ। तर वादविवादले आत्मीय सम्बन्ध भने कमजोर बन्नेछ। सप्ताहान्तमा स्थिति अनुकूल बन्नेछ। पेसा–व्यवसायमा प्रशस्त लाभ मिल्नेछ। रमाइलो भेटघाटका बीच आतिथ्यपूर्ण सम्मानको आनन्द प्राप्त हुनेछ।

**कर्कट** - Cancer (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)
हतारमा निर्णय लिँदा काम दोहोर्याउनुपर्ला। तत्कालको फाइदा हेर्दा पछिलाई समस्या पर्नेछ। शुभचिन्तकहरुको सुझावलाई मनन गर्नुहोला। मंगलवारदेखि स्थितिमा क्रमशः सुधार आउनेछ। काममा व्यवधान देखिए पनि बुद्धिले समस्या सुल्झाउन सकिनेछ। मिहिनेतीहरुलाई अध्ययनमा प्रगति हुनेछ। व्यापार बढ्नेछ। खर्च लागे पनि भौतिक साधन जुट्नाले दिगो काम गर्न सकिनेछ। अधिकार र प्रतिष्ठा जोगाउन सफल भइनेछ। प्रतिस्पर्धीहरु समेत सहयोगीका रुपमा देखा पर्नेछन्। प्रेम र मित्रताको बन्धन पनि कसिलो हुनेछ।

**सिंह** - Leo (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)
नियमित काममा बाधा हुनेछ र विवादास्पद जिम्मेवारी समेत वहन गर्नुपर्ने हुन सक्छ। अरुको भरपर्दा काम बिग्रन सक्छ, सजग रहनुहोला। बीचमा घरेलु समस्या पनि देखापर्न सक्छन्। पेटको खराबीले पनि सताउन सक्छ। पढाइलेखाइमा पनि त्यति ध्यान दिन नसकिएला। आँटेको काम रोकिनाले पछि परिनेछ। फजुल खर्च बढ्न सक्छ। वादविवादमा अघि नसर्नुहोला। सप्ताहान्तमा यात्राको साइत जुर्न सक्छ। नयाँ काम प्रारम्भ हुनुका साथै धनलाभ हुनेछ। पहिलेको स्थितिमा सुधार आउनाले रोकिएका काम सप्ताहान्तमा सम्पादन हुनेछन्।

**कन्या** - Virgo (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)
प्रारम्भमा एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ। बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुनेछ। साथीभाइबाट काममा सहयोग मिल्नेछ। प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ। शुभचिन्तकहरुको साथ जुट्नाले काममा फाइदा हुनेछ। बीचमा घरेलु समस्या देखिने हुँदा सावधान रहनुहोला। कुरा लगाउनेहरुले सम्बन्धमा फाटो उत्पन्न गर्न सक्छन्। समस्या आए पनि हिम्मत गर्दा चुनौती पन्छाउन सफल भइनेछ। सप्ताहान्तमा केही विवादास्पद काममा जुट्नुपर्ने हुन सक्छ। तापनि सहयोगीहरुले साथ दिनेछन् र फाइदा हुनेछ।

**तुला** - Libra(र, रि, रू, रे, रो, ता, ति, तु, ते)
प्रारम्भ रमाइलो रहनेछ। एउटै प्रयासले काम बन्नेछ। अध्ययनमा प्रगति हुनेछ। खानपान र पहिरनको सोखले खर्च भने बढाउन सक्छ। आत्मसम्मानका लागि मौन रहनुहोला। मंगलवारदेखि समय केही संघर्षमय रहनेछ। बलजफ्तीले लक्ष्यमा पुग्न समस्या पर्नेछ। बुद्धिको उपयोगले काम लिने चेष्टा गर्नुहोला। धेरै बोल्ने बानीले विवाद निम्त्याउनेछ, सजग रहनुहोला। हिम्मत गर्दा व्यावहारिक चुनौती पन्छाउन सफल भइनेछ। दीर्घकालीन योजनाहरु भने गोप्य राख्नुहोला। बुद्धिको उपयोगले सप्ताहान्तमा धेरै समस्या सुल्झाउन सकिनेछ।

**वृश्चिक** - Scorpio (तो, ना, नि, नु, ने, नो, या, यि, यु)
साता केही उतारचढावमय रहनेछ। प्रारम्भमा खर्च बढ्नाले अर्थ अभाव देखा पर्न सक्छ। रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ला। कामले थकित तुल्याउनेछ। मंगलवारदेखि पारिवारिक भेटघाटले रमाइलो माहोल रहनेछ। विगतका कमजोरी सच्याउन सकिनेछ। मिहिनेतले गुमेको प्रतिष्ठा दिलाउनेछ। तर बिहीवारदेखि स्वास्थ्य कमजोर हुनाले काम रोकिन सक्छ। पहिलेका कमजोरी बाहिर आउनाले आलोचकहरु बढ्न सक्छन्। फजुल खर्च पनि बढ्नेछ। सप्ताहान्तमा स्थितिमा सुधार आउनुका साथै काम गर्ने मौका प्राप्त हुनेछ।

**धनु** - Sagittarius (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)
सुरूमा आम्दानी बढ्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ। व्यापार बढ्नेछ र काम बन्नाले पेसा–व्यवसायमा पनि राम्रै लाभांश हातलागी हुनेछ। मंगलवारदेखि काम बिग्रने, खर्च बढ्ने र अर्थ अभाव खट्किने देखिन्छ। सहयोगीहरुको भर पर्दा काम दोहोर्याउनुपर्ला। विदेश ताक्नेहरुलाई भने यात्राको प्रक्रिया अघि बढ्न सक्छ। बिहीवारदेखि मिहिनेतको फल प्राप्त हुनेछ। आफन्तसँग रमाइलो भेटघाट पनि हुनेछ। साथीभाइको सहयोगले अभीष्ट पूरा हुनेछ। सुन्दर पहिरनका साथ व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ।

**मकर** - Capricorn (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)
प्रतिष्ठित काम गरेर स्थापित हुने समय छ। नोकरीमा पद–प्रतिष्ठा प्राप्ति हुनेछ भने पेसा–व्यवसायमा लाग्नेहरुलाई प्रगतिको मार्ग प्रशस्त हुनेछ। पदासीन व्यक्तिसँग निकटता बढ्नेछ। दिगो काम प्रारम्भ हुने समय छ। लगनशीलताले कीर्तिमानी समेत दिलाउन सक्छ। बिहीवारसम्म आम्दानीका स्रोतहरु बढ्नेछन् भने मनग्य धन संग्रह हुनेछ। सञ्चित कर्मफल प्राप्त हुनेछ। सप्ताहान्तमा भने फजुल खर्च बढ्नाले ऋण–कर्जा समेत बढ्न सक्छ। सञ्चित रकम बाहिरिए पनि विदेश ताक्नेहरुलाई यात्राको प्रक्रिया अघि बढ्न सक्छ।

**कुम्भ** - Aquarius (गु, गे, गो, सा, सि, सु, से, सो, द)
सुरूमा केही संघर्ष गर्नुपरे पनि प्रतिष्ठित काम गरेर स्थापित हुने समय छ। ईर्ष्या गर्नेहरुले आलोचना गरे पनि काम देखाएर धेरैको मन लोभ्याउन सकिनेछ। लगनशीलताले दाम, इनाम एवं प्रतिष्ठा दिलाउनेछ। नयाँ नोकरी वा व्यवसाय थालनी हुन सक्छ। विशिष्ट व्यक्तिहरुसँग मित्रता बढ्नेछ। जिम्मेवारी बढ्न सक्छ। अध्ययनमा प्रगति हुनेछ। आम्दानीका विभिन्न स्रोत जुट्नेछन्। पेसा र व्यापारमा मनग्य लाभ हुनेछ। मित्रता र प्रेमको बन्धन कसिनेछ। दिगो फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ। मिहिनेत गर्दा राम्रै अवसर पाइनेछ।

**मीन** - Pisces (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)
प्रारम्भमा अस्वस्थताका बाबजुद कामको बोझ बढ्नेछ। अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्ने हुन सक्छ। अरुको स्वार्थमा पनि काम गर्नुपर्ने समय छ। मंगलवारदेखि स्थितिमा सुधार आउनेछ भने नयाँ अवसरले उत्साह जगाउनेछ। सुखदुःखमा साथ दिनेहरु प्रशस्तै फेला पर्नेछन्। रोकिएको काम बन्नुका साथै नयाँ काम सुरू हुनेछ। लगनशीलताले अप्ठ्यारा समस्या सुल्झाउँदै सामाजिक प्रतिष्ठा दिलाउनेछ। काममा सामान्य चुनौती देखिए पनि बिस्तारै लक्ष्यमा पुग्न सफल भइनेछ। सप्ताहान्तमा मनग्य आम्दानी हातलागी हुनेछ।

# निर्वाचनमा एजेण्डा आर्थिक चलायनमान र पर्यटन




नेपालमा आगामी फागुन २१ गते हुने आम निर्वाचन नजिकीदै जाँदा चहलपहल पनि बढ्दै गएको छ । हाल सम्मको अवस्था हेर्दा निर्वाचनका लागि अब २० दिन मात्रै बाँकी छ भने त्यो भन्दा धेरै जनजनको सक्रियता पनि रहेको देखिन्छ । मुलुकभर १६५ निर्वाचन क्षेत्रमा प्रत्यक्ष र ११० जना समानुपातिक गरेर २७५ जनाको प्रतिनिधिसभा हुनेछ । त्यसका लागि हिमाली जिल्ला म्याग्दी एउटा मात्रै निर्वाचन क्षेत्र हो भने यहाँ १२ जना उम्मेदवारहरू चुनावी प्रतिस्पर्धामा उत्रिएका छन् ।

म्याग्दीमा कांग्रेसका कर्णबहादुर भण्डारी, एमालेबाट हरिकृष्ण श्रेष्ठ, नेपाल कम्युनिष्ट पार्टीबाट अर्जुन थापा, स्वतन्त्र उम्मेदवार महावीर पुन, राप्रपाबाट डम्भरबहादुर सुबेदी, नेकपा (माओवादी) बाट क्षेत्रबहादुर घिमिरे रहनुभएको छ । त्यस्तै प्रगतिशील लोकतान्त्रिक पार्टीबाट देबेन्द्र कामी, मंगोल नेशनल अर्गनाइजेसनबाट भिमबहादुर लामा, श्रम संस्कृति पार्टीबाट बिनोद राना, राष्ट्रिय जनमोर्चा पार्टीबाट क्षेमबहादुर विक, नेशलनल रिपब्लिक नेपालबाट तुलप्रसाद गर्बुजा उम्मेदवार रहनुभएको छ ।

एक नगरपालिका र पाँच गाउँपालिका रहेको म्याग्दीमा ४४ हजार ६४ महिला र ४२ हजार तीन सय ३२ पुरूष र १ जना अन्य मतदाता रहेका छन् । ८२ मतदान स्थलमा एक सय २० मतदान केन्द्र रहेका छन् ।

म्याग्दी नेकपा एमालेबाट उम्मेदवार भएका हरिकृष्ण श्रेष्ठले पर्यटन विकासलाई आफ्नो एजेण्डा बनाउनु भएको छ । नेपाली कांग्रेसका कर्णबहादुर भण्डारीले समावेसी तबरले विकासका लागि नीति बनाउने बताउँदै गर्दा नेपाली कम्युनिष्ट पार्टीका उम्मेदवार अर्जुन थापाले युवालाई रोजगारी, राप्रपाका उम्मेदवार डम्बरबहादुर सुवेदीले धार्मिक धार्मिक पर्यटन विकासलाई एजेण्डा बनाउनु भएको छ । नेपाल कम्युनिष्ट पार्टी माओवादीका क्षेत्रबहादुर घिमिरेले जनताको काम गर्नका लागि आफू उम्मेदवार भएको बताउनु भएको छ । महाबिर पुनले मन्त्री हुँदा झोँकचलेर सांसद हुन आएको भन्दै ठट्यौली शैलीमा प्रचारमा होमीनु भएको छ ।

## २१ फागुन......

को दायरामा देखिन्छ। तर खराब कर्जाको अनुपात बढ्दो दबाबमा छ। ब्याजदर चक्र स्थिर हुँदै गए पनि विस्तारको गति सुस्त छ।

**जलविद्युत क्षेत्र**

दीर्घकालीन सम्भावना बलियो भए पनि निर्माण ढिलाइ, ऋण भार र लागत वृद्धि प्रमुख चुनौती बनेका छन्। परियोजना सम्पन्न भएपछि आम्दानी स्थिर हुने अपेक्षा भए पनि छोटो अवधिमा जोखिम उच्च छ।

**माइक्रोफाइनान्स**

नियामकीय कडाइ, ऋण असुली समस्या र ब्याजदर सीमाले नाफा घट्दो प्रवृत्तिमा देखिन्छ।

**बीमा क्षेत्र**

पुँजी पुनर्संरचना र प्रतिस्पर्धाले क्षेत्र पुनर्गठनको चरणमा छ।

सारमा, कम्पनीहरुको आधारभूत अवस्था संकटग्रस्त होइन, तर तीव्र वृद्धि पनि देखिएको छैन। यस्तो अवस्थामा राजनीतिक स्थिरता बजार वृद्धिको उत्प्रेरक बन्न सक्छ।

**बजारको मनोविज्ञान : डर र अवसरको सन्तुलन**

निर्वाचन नजिकिँदा लगानीकर्ताको व्यवहार तीन तहमा विभाजित देखिन्छ।

दीर्घकालीन लगानीकर्ताले मूल्य घट्दा अवसर खोज्छन्।

अल्पकालीन व्यापारीले समाचार र अनुमानमा आधारित कारोबार बढाउँछन्।

नयाँ लगानीकर्ताले जोखिमबाट बच्न बजारबाट दूरी बनाउँछन्।

व्यवहारिक अर्थशास्त्रको दृष्टिले हेर्दा निर्वाचन अवधिमा जोखिम धारणा सूचक रिस्क प्रोटेक्सन उच्च हुन्छ, तर यही अस्थिरता अनुभव भएका लगानीकर्ताका लागि अवसर पनि बन्न सक्छ।

**निर्वाचनपछि बजार कुन दिशामा ?**

डेटा, इतिहास र अन्तर र्ाष्ट्रिय अनुभवलाई आधार मान्दा नेपालको पुँजी बजारको आगामी दिशा मुख्यतः तीन परिदृश्यमा निर्भर रहने देखिन्छ।

**स्पष्ट बहुमत सरकार बनेमा**

नीतिगत स्पष्टता बढ्ने भएकाले बजारमा १०-२० प्रतिशतसम्म सुधार सम्भव देखिन्छ। बैंकिङ, पूर्वाधार र ऊर्जा क्षेत्र अग्रणी हुन सक्छन्।

**गठबन्धन सरकार तर स्थिर**

बजार सीमित दायरामा रहन सक्छ। वृद्धि ५-१० प्रतिशत दायरामा सीमित हुने सम्भावना।

**राजनीतिक अस्थिरता**

सरकार गठनमा ढिलाइ वा नीति अन्योल भए बजारमा १०-२५ प्रतिशतसम्म गिरावट सम्भावित मानिन्छ।

नेपालको इतिहास हेर्दा बजारले निर्वाचन परिणामभन्दा बढी निर्वाचनपछिको शासन स्थिरता लाई महत्व दिएको छ।

**विदेशी लगानी र मुद्रा प्रभाव**

नेपालमा प्रत्यक्ष विदेशी लगानी सीमित भए पनि राजनीतिक स्थिरता देखिए पूर्वाधार र ऊर्जा क्षेत्रमा पूँजी प्रवाह बढ्ने सम्भावना हुन्छ। मु्ा स्थिरता र बैंकिङ तरलता सुधार भए वित्तीय क्षेत्रलाई प्रत्यक्ष लाभ पुग्छ।

जोखिम र अवसर : दुई धारको वास्तविकता

प्रमुख जोखिम
नीति निरन्तरता अभाव
पूँजी बजार सुधार ढिलाइ
ब्याजदर उतारचढाव
बैंकिङ तरलता दबाब

सम्भावित अवसर
ऊर्जा निर्यात सम्भावना
पूर्वाधार विस्तार
डिजिटल वित्तीय सेवा
औद्योगिक पुनरूत्थान

**निष्कर्ष : बजार प्रतीक्षामा, भविष्य खुला**

नेपालको पुँजी बजार अहिले न त पूर्ण उत्साहमा छ, न पूर्ण निराशामा। यो एक प्रकारको संक्रमणकालीन सन्तुलन हो । जहाँ आर्थिक आधारभूत संरचना टिकाउ देखिन्छ तर राजनीतिक स्पष्टताको प्रतीक्षा जारी छ।

इतिहासले देखाएको छ—

स्थिरता आए बजार बढ्छ।

अनिश्चितता लम्बिए बजार थाक्छ।

२१ फागुनको निर्वाचनले केवल सरकार गठनको मार्ग मात्र तय गर्ने छैन, यसले लगानी विश्वासको स्तर, पूँजी प्रवाहको गति र नेपालको वित्तीय भविष्यको दिशा समेत निर्धारण गर्नेछ।

पुँजी बजारका लागि यो निर्वाचन राजनीतिक घटना मात्र होइन, विश्वासको परीक्षा र सम्भावनाको मोड हो।

## स्वास्थ्य ......

फार्मेसीका लागि आवश्यक औषधि तथा उपकरण खरिद, कर्मचारीहरुको तलबभत्ता भुक्तानी तथा अन्य नियमित काम व्यवस्थापनमा समस्या परेको डा.बाँस्तोलाको भनाई छ । हामीले पाउनु पर्ने रकम भुक्तानीका लागि ताकेता गर्दा पनि सुनुवाइ नभएको उहाँको भनाइ छ ।

हालै मात्र स्वास्थ्य मन्त्री डा.सुधा गौतमलाई समेत अस्पतालको समस्याको बारेमा कुरा राखेको र उहाँले समाधानकालागि प्रयास गर्ने प्रतिबद्धता जनाउनु भएको भएपनि अरू केही प्रगति देखिएको छैन प्रदेश अस्पताल बेनी व्यवस्थापन समितिका अध्यक्ष डेकबहादुर बानियाँले भन्नुभयो ।

स्वास्थ्य बिमा गरेका बिरामीहरु समस्या पर्दा पनि अस्पताल आइपुग्नुहुन्छ, सेवा दिनै पर्छ, तर बोर्डले भुक्तानी दिन ढिलाइ गर्दा ती सेवाग्राहीलाई आवश्यक औषधि, सहायता सामग्रीलगायत ल्याबसम्बन्धी सेवा दिन समस्या भइरहेको डा.बास्तोलाले भन्नुभयो । अस्पताल व्यवस्थापन समितिको कोषवाट जेनतेन अहिलेसम्म व्यवस्थापन गरिएको भए पनि अब भने मुस्कील देखिएको उहाँको भनाई छ ।

स्वास्थ्य बिमामा आवद्ध भएका म्याग्दी जिल्ला र पर्वतको जलजला गाउँपालिकाका अधिकांश नागरिकले अस्पतालबाट सेवा लिन्छन् । स्वास्थ्य बिमा बोर्डले देशभरका सबै अस्पतालका लागि तोकेको दररेटको रकम दिने गरेको भए पनि त्यो रकम बर्सेनि भुक्तानी लिन समस्या पर्ने गरेको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष बानियाँल सुनाउनुभयो ।


## SSDS Letter हरायो

२०८१ जेठ २५ गते राम्चे देखि बेनी सम्म आउने क्रममा भारतीय सैनिकका भूपू सैनिक नम्बर ५७५४५८० का सिपाही खमबिर पुर्जा पुनको छोरा नवराज पुर्जा पुनको नाममा जारी social security deposit scheme (SSDS) Letter हराएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकीमा बुझाइदिनु हुन अनुरोध छ ।

नाम : नवराज पुर्जा पुन

ठेगाना : अन्नपूर्ण गाउँपालिका ८



## फोहोरमैला व्यवस्थापनसम्बन्धी अत्यन्तै जरूरी सूचना !

कुहिने र नकुहिने फोहोरलाई घरबाटै छुट्याएर सुरक्षित रुपमा विसर्जन गर्ने बानी बसालौं ।

प्लाष्टिक र सीसाजन्य वस्तुको प्रयोग घटाऔं, वातावरण सफा र स्वस्थ राखौं ।

जलजला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लामाखेत पर्वत

# साताको तस्बीर

१




**फोटो क्याप्सन :-** पर्यटकीय स्थल पुनहीलमा सूर्योदयको दृष्यावलोकनका लागि पुगेका आन्तरीक तथा बाह्य पर्यटकहरु । पुनहील सूर्योदय तथा सूर्यस्त अवलोकनका लागि निकै महत्वपूर्ण स्थान हो । यहाँ वर्षेनी हजारौं पर्यटकहरु पुग्ने गर्दछन् । अन्नपूर्ण फेरोमा पर्ने यो ठाउँ विश्वमै चर्चीत छ ।

*तस्बीर : प्रताप बानियाँ*

सार्वजनिक सम्पत्तीको संरक्षण गरौं, अतिक्रमण नगरौं,
सार्वजनिक सम्पत्तिकको अतिक्रमण र हानी नोक्सानी
हुँदा सम्बन्धीत निकायमा जानकारी गराउनु
नागरिकको कर्तव्य हो ।

समयमै व्यक्तिगत घटना दर्ता गरौं
व्यक्तिको कानुन पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा
प्राप्तीकालागि जन्म, मृत्यु, बिबाह, बसाइसराइ र
सम्बन्ध बिच्छेदलगायतका घटनाहरु ३५ दिन भित्रै
आफ्नो वडा कार्यालयमा दर्ता गरौं/गराऔं ।

थासाङ गाउँपालिका
कोबाङ, मुस्ताङ




सार्वजनिक सम्पत्तीको संरक्षण गरौं, अतिक्रमण नगरौं,
सार्वजनिक सम्पत्तिकको अतिक्रमण र हानी नोक्सानी
हुँदा सम्बन्धीत निकायमा जानकारी गराउनु
नागरिकको कर्तव्य हो ।

समयमै व्यक्तिगत घटना दर्ता गरौं
व्यक्तिको कानुन पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा
प्राप्तीकालागि जन्म, मृत्यु, बिबाह, बसाइसराइ र
सम्बन्ध बिच्छेदलगायतका घटनाहरु ३५ दिन भित्रै
आफ्नो वडा कार्यालयमा दर्ता गरौं/गराऔं ।

घरपझोङ गाउँपालिका
जोमसोम, मुस्ताङ




पशुमा नियमित खोप लगाऔं रोगको रोकथाम सँगै उत्पादन बढाऔं ।

पशु खोप लगाउन किन जरुरी छ?

१. पशुमा महामारीजन्य रोगको नियन्त्रण गर्न प्रभावकारी एवं किफायती उपाय भएकोले ।
२. पशुबाट मान्छे र मान्छेबाट पशुमा सर्ने जुनोटिक रोगलाई नियन्त्रण गरि जनस्वास्थ्यलाई पार्ने नकारात्मक प्रभावबाट बचाउन ।
३. रोगको कारण हुने पशुजन्य उत्पादनको गिरावटलाई कम गरि रोगको उपचार नियन्त्रण गर्दा लाग्ने समय र खर्चको बचतका लागि ।
४. मानिसको जिविकोपार्जनका श्रोतको रुपमा रहेको पशु पालन व्यवसायलाई जोगाई आम्दानी बढाउनुका साथै खाद्य सुरक्षा कायम राख्नका लागि ।
५. रोगको जोखिमलाई न्यूनिकरण गरि कृषकको लगानी सुनिश्चित गर्नमा मद्दत गर्ने भएकोले ।
६. पशुमा रोगको प्रकोप कम गरि एन्टिबायोटिकको प्रयोग घटाउँछ । र प्रतिजैविक प्रतिरोध न्यूनिकरण गर्न महत्वपूर्ण भूमिका खेल्छ ।

भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,
म्याग्दी, बेनी




लक्ष्मी जननी मिडिया हाउस प्रा.लि. द्वारा प्रकाशित म्याग्दी नेपाल साप्ताहिकका लागि अध्यक्ष/प्रकाशक: अमृतप्रसाद पौडेल (अमृत बास्कुने)
सम्पर्क: ९८५७६४०२६६, ९८०५१२३०००, इमेल :erupse@gmail.com, कार्यालय, बेनी नगरपालिका ८, बेनी म्याग्दी, सम्पादक: तुलसी सुवेदी